Nepal EX- Armed Police Force Association e-bulletin

# नेपाल पूर्व सशस्त्र प्रहरी संघको इबुलेटिन

त्रैमासिक । अंक ३ ।
२०८० असोज



नेपाल पूर्व सशस्त्र प्रहरी संघ, केन्द्रीय कार्यालयको नियमित बैठकबाट रिक्त रहेका उप-समितिका संयोजक सह-संयोजक र सदस्य पदहरुमा मनोनित गरिएको छ । उक्त बैठकको सामूहिक तस्वीर



## अवकाश प्राप्त सशस्त्र प्रहरी र आश्रित परिवारलाई नेपाल ए.पि. एफ.अस्पतालमा उपचारको लागि सेवा सुविधा सम्बन्धि अन्तरक्रिया कार्यक्रमको एक झलक

नेपाल पूर्व सशस्त्र प्रहरी संघ केन्द्रीय कार्यालयका पदाधिकारी तथा सदस्यज्यूहरु र नेपाल ए.पि.एफ.अस्पतालमा अस्पतालका पदाधिकारी सप्रनामनि किशोर प्रधान, प्रा.सप्रनामनि डा.रुपक मुहर्जन, प्रा.सप्रबउ डा. मीना कुँवर, प्रा.सप्रबउ डा. सुरेन्द्रमान श्रेष्ठ, प्रा.सप्रउ डा. महेन्द्र श्रेष्ठ,सप्रउ हर्कराज पन्त ( प्रशासन ), सप्रउ अर्जुन रोक्का ( प्रवन्ध ) सहितको उपस्थितिमा अन्तरकृया कार्यक्रम सम्पन्न भयो ।

उक्त बैठकमा विभिन्न गुनासाहरु, भूपू हरुलाई परेका समस्याहरु, अब अस्पतालमा हुनु पर्ने सुधारहरुको बारेमा जानकारी भयो । अस्पतलले गुनासाहरुलाई अवदेखि समाधान गर्ने, भुपू केन्द्रित कार्यक्रम कसरी ल्याउन सकिन्छ भन्ने बारेमा योजना बनाउने र सुधार कार्यलाई प्राथमिकतामा राख्ने बारेमा सहमत भयो ।

नेपाल पूर्व सशस्त्र प्रहरी संघ, लुम्बिनी प्रदेश कार्यालयको प्रथम अधिवेशन तथा साधारण सभा कार्यक्रम मिति २०८०/०६/१० गते दाङ जिल्लाको भालुवाङमा केन्द्रीय संघका अध्यक्ष श्री रविराज थापाज्यूको प्रमुख आतिथ्यता र लुम्बिनी प्रदेशका बाहिनी पति सप्रनामनि अभिँ कुमार खत्रीज्यूको विशेष आतिथ्यतामा सु-सम्पन्न भयो।उक्त कार्यक्रममा प्रमुख अतिथिज्यूबाट नवनिर्वाचित अध्यक्षज्यू लगायत पदाधिकारी तथा सदस्यज्यूहरुलाइ बधाई तथा शुभकामना सहित प्रमाण-पत्र हस्तान्तरण गर्नु भएको थियो ।



नेपाल पूर्व सशस्त्र प्रहरी संघ, जिल्ला शाखा कार्यालय, रुपन्देहीको वार्षिक साधारण सभा तथा प्रथम जिल्ला अधिवेशन मिति २०८०/०६/०६ गते रुपन्देही जिल्लाको बुटवलमा यस केन्द्रीय संघका बरिष्ठ उपाध्यक्ष सप्रअमनि नारायणबाबु थापाज्यू (अ.प्रा.) को प्रमुख आतिथ्य र कानुन तथा परामर्श उप-समितिका संयोजक सप्रअमनि सुवोध कुमार अधिकारीज्यू (अ.प्रा.) को विशेष आतिथ्यतामा सम्पन्न भएको छ । उक्त कार्यक्रममा प्रमुख अतिथिज्यूबाट नवनिर्वाचित अध्यक्षज्यू लगायत पदाधिकारी तथा सदस्यज्यूहरुलाई प्रमाण पत्र वितरण गर्नुका साथै आगामी कार्यकालको शुभकामना समेत दिनु भएको थियो ।



नेपाल पूर्व सशस्त्र प्रहरी संघ, जिल्ला शाखा कार्यालय,काभ्रेपलान्चोकले विश्व सास्कृतिक पदयात्रा सम्पन्न गरेको छ ।







अन्त्यमा यो न्युज-बलेटिनले सबैको सहयोग र सहभागिताको आग्रह र अनुरोध गर्दछ ।भगवानले हामी सबैको रक्षा गरुन जय नेपाल ।